# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र सं.: २०८२/८३
चलानी नं.

## सूचना ! सूचना !! सूचना !!!

(प्रकाशित मितिः२०८२/०५/०४)

काभ्रे जिल्लाको विभिन्न गाउँपालिका/नगरपालिकाहरुमा गाईभैसीहरुमा लाग्ने लम्पी स्कीन रोग ( Lumpy Skin Disease) सँग मिल्दोजुल्दो  लक्षण सहितको रोग देखापरेको हुँदा सम्पुर्ण गाउँपालिका भित्रका पशुपालक कृषहरुलाई आवश्यक सजगता अपनाउनुको साथै अर्को सूचना प्रकाशन नभए सम्मका लागि पशुहरुको ओसारपोसार कार्य बन्द गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**रोगका लक्षणहरुः-**

- ❖ दाना,घाँसपानी नखाने,आँखामा कचेरा लाग्ने, नाकबाट सिगान बग्ने तथा मुखबाट फिज तथा र्‍याल काट्ने,
- ❖ शरीरको अगाडिको भागमा गाँठागुठी/गिर्खा आउन सुरुभई जिऊ भरी १ देखि ५ से.मि. वा अझै ठुल-ठुला गाँठागुठी/गिर्खाहरु देखिने,
- ❖ पशुहरुमा उच्च (१०४ डिग्री फरेनहाइट वा सो भन्दा माथि) ज्वरो  आउने,
- ❖ खुट्टाहरु जोर्नी सुनिने, लङ्गडोपना देखिन सक्ने,
- ❖ गाईभैसी गर्भवती भएमा तुहिन सक्ने र पछि पशुमा बाँझोपन देखिन सक्ने।

**रोग सर्ने मुख्य तरिकाहरुः-**

- ❖ विरामी पशुलाई लामखुट्टे, झिगा,भुसुना,डाँस आदिको टोकाइको माध्यमबाट सर्ने,
- ❖ संङ्क्रमित गाईभैसीको प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क वा ओसारपोसारको माध्यमबाट सर्ने।

**उपचार तथा रोगथामः-**

- ❖ पशु चिकित्सक वा प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार गर्ने,
- ❖ गोठ तथा फर्म परिसरमा नियमित सरसफाई गरी सफासुघर राखी लामखुट्टे झिङ्गा भुसुना डाँस आदिलाई  नियन्त्रण गर्ने,
- ❖ गोठ भित्र र बाहिर फिनेल र व्लिचिङ पाउडरले समय समयमा प्रयोग गरी निःसंक्रमण गर्ने,
- ❖ रोगको संका लागेको पशुलाई बथानबाट छुट्याई अलग राख्ने,
- ❖ संङ्क्रमित क्षेत्रबाट पशुको आवत जावतमा रोक तथा नियन्त्रण गर्ने।

..................
कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकी अधिकृत


"सचेत र समृद्ध भुम्लुःहाम्रो गन्तव्य"
E-mail: info@bhumlumun.gov.np, cad.bhumlumun@gmail.com
Website: www.bhumlumun.gov.np